**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम**

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको आ.व. २०७८।७९ को प्रथम त्रैमासिक (श्रावण-आश्विन) प्रगति विवरण



नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

# त्रैमासिक प्रतिवेदन (२०७८ श्रावण देखि २०७८ आश्विन सम्म)

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्वरुप र प्रकृति

विश्वका हरेक मुलुकमा व्यक्ति विशेषको प्रमाणीकरणका लागि सरकारको तर्फबाट नागरिक पहिचान पत्र प्रदान गर्ने गरेको पाइन्छ। नेपालमा पनि सरकारको तर्फबाट नागरिक लागिलाई प्रदान गर्ने सेवा तथा सरकारको नियन्त्रण एवं अनुगमनमा अन्य सार्बजनिक निकायले प्रदान गर्ने सेवाका लागि सरकारबाट जारी गरिएको व्यक्ति पहिचान पत्रलाई उपयोग गरी सार्वजनिक सेवा प्रवाह गर्ने कार्य भैरहेको छ। नेपालमा नागरिक पहिचानको मुख्य आधारको रुपमा नेपाली नागरिकता प्रमाण पत्र प्रदान गर्ने अभ्यास विगत लामो समयदेखि हुँदै आएको छ। एकीकृत, सुदृढ एवं प्रविधिमैत्री प्रणालीको अभावमा एउटै मानिसका विभिन्न ठाउँमा फरक-फरक पहिचान हुन सक्ने सम्भावना रहेको अवस्थामा सर्वप्रथम आर्थिक वर्ष २०६६।०६७ को बजेट वक्तव्यको शान्ति सुरक्षा जनताको अपेक्षा शीर्षकमा "सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटो सहितको बायोमेट्रिक स्मार्टकार्ड वितरण गरिने छ। वृद्ध भत्ता तथा अन्य सामाजिक सुरक्षा भत्ताहरु पनि यसै कार्डको प्रयोग गरी जुनसुकै बैंकबाट रकम निकाल्न सकिने व्यवस्था गरिने छ। यो परिचयपत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन, व्यक्तिगत घटना दर्ताको केन्द्रीय अभिलेखन र सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनका लागि एउटा छुट्टै केन्द्रीय निकाय खडा गरिने छ" भनी उल्लेख गरिएको थियो।

नेपाल सरकारको २०६७।३।१६ गते को निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०६७।४।१ गते राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको स्थापना भयो। त्यस्तै तत्कालीन स्थानिय बिकास मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०७१।६।३० मा पञ्जीकरण बिभागको स्थापना भयो। नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७५/०६/२८ गतेको निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय परिचयपत्र व्यबस्थापन केन्द्र र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र बसाइँ सराइँ जस्ता व्यक्तिगत

घटनाहरुको दर्ता व्यवस्थापन एवं नियन्त्रण र सामाजिक सुरक्षा कार्यक्रमको सञ्चालन व्यवस्थापनको प्रमुख जिम्मेवारी रहेको केन्द्रीय पञ्जीकरण बिभाग एकीकरण भई गृह मन्त्रालय अन्तर्गत रहने गरी **राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग** गठन भएको छ।

नेपाल सरकारको कार्य विभाजन नियमावली अनुसार गृह मन्त्रालयको कार्यक्षेत्र भित्र राष्ट्रिय परिचयपत्र व्यवस्थापन, पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन सम्बन्धी विषय उल्लेख भएकोले यस विभागले सम्पादन गर्ने कार्यहरु मुलुकको शान्ति, सुरक्षा, सुव्यवस्था एवं सुशासन र समृद्धिसँग प्रत्यक्ष सम्बन्धित रहेको छ।

नेपालको संविधानको धारा १५ मा नेपालको प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने व्यवस्था छ भने धारा ५१ (च) (५) "राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने। ", धारा ५१ (च) (७) "एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृत रुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलव्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने ।" धारा ५१ (च) (८) "जनसांख्यिक तथ्यांकलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने ।" धारा ४३ "आर्थिक रुपले विपन्न, अशक्त र असाहय अवस्थामा रहेका, असाहय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ।" संवैधानिक व्यवस्था रहेको छ।राष्ट्रिय परिचयपत्र व्यवस्थापन, पञ्जीकरण व्यवस्थापन र सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापनको क्रममा सरकारका विभिन्न नीति कार्यक्रम तथा बजेटमा प्रत्येक नागरिकलाई बहुउपयोगी राष्ट्रिय परिचयपत्रको रुपमा बायोमेट्रिक स्मार्टकार्ड वितरण गर्ने परिकल्पना गरेको देखिन्छ। विभिन्न दस्तावेजमा उल्लेख भएको सन्दर्भलाई राष्ट्रिय परिचयपत्र सम्बन्धी राष्ट्रिय नीतिको रुपमा विश्लेषण गरिएको छ।

**पन्ध्रौं योजना:** पन्धौं योजनाले नागरिकका सूचना र विवरण सहितको राष्ट्रिय परिचयपत्र प्रणाली विकास गरी अर्थतन्त्रको औपचारिकीकरण तथा सुशासन प्रवर्द्धन गर्ने उद्धेश्यका साथ राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रमलाई रुपान्तरणकारी आयोजना (Game Changer Program) का रुपमा लिएको ।

**नेपाल सरकारको नीति तथा कार्यक्रम (आ.व. २०७७/७८):** नागरिकका वैयक्तिक तथा जैविक विवरण समेटिएको एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास गरी आगामी तीन वर्षभित्र सबै नागरिकलाई पृथक नम्वर सहितको राष्ट्रिय परिचयपत्र वितरण गरिने कुरा उल्लेख भएको ।

**आ. व. २०७७/०७८ को बजेट वक्तव्य:** सबै नेपालीको बायोमेट्रिक पहिचान र पृथक नम्वर सहितको राष्ट्रिय परिचयपत्र वितरण गर्न आगामी आ.व २०७७/०७८ मा थप १ करोड नागरिकको विवरण विद्युतीय प्रणालीमा अद्यावधिक गरिने कुरा उल्लेख भएको थियो भने आ.व. २०७८।७९ को बजेट मार्फत ७० लाख नागरिकको विवरण संकलन गरी ३० लाख नागरिकलाई राष्ट्रिय परिचयपत्र कार्ड वितरण गर्ने व्यवस्था गरिएको छ ।

**गृह प्रशासन सुधार कार्ययोजना,** २०७४: ५ वर्षभित्र सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने भन्ने उल्लेख भएको ।

**<u>राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको काम, कर्तव्य र अधिकार</u>**

- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र संचालन गर्ने।
- नागरिकका वैयक्तिक र जैविक विवरण संकलन, भण्डारण र प्रशोधन गर्ने।
- राष्ट्रिय परिचय नम्बर सहितको परिचयपत्र वितरण र सार्वजनिक सेवासँग आबद्धता गर्ने।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी नीतिगत व्यवस्थापन गर्ने।
- व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र संचालन गर्ने।
- व्यक्तिगत घटनाको वैज्ञानिक रूपमा दर्ता एवं अभिलेखीकरण गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारिता ल्याउन नीतिगत व्यवस्थापन गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणमा आधुनिकीकरण गर्ने।
- व्यवस्थापन सूचना प्रणालीको विकास गरी उक्त प्रणालीमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको विवरण प्रविष्टि र व्यवस्थापन गर्ने।

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा रहने कर्मचारी संख्या र कार्य विवरण

नेपाल सरकार

गृह मन्त्रालय

अनुसूची - १

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको संगठन संरचना

**महानिर्देशक**
स.स., रा.प.प्र. (प्रशासन) - १

**प्रशासन, योजना तथा अनुगमन शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**प्रशासन**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
क.अधिकृत, रा.प.तृ.(विविध) - १
ना.सु., रा.प.अनं. (प्र./सा.प्र.) - २
क.अ., रा.प.अनं.प्र. (विविध) - १
ह.स.चा.श्रेणीविहीन (*करार*) - ५
का.स. श्रेणीविहीन (*करार*) - ६

**योजना अनुगमन तथा समन्वय**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - २

**जिन्सी**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १

**आर्थिक प्रशासन**
ले.अ., रा.प.तृ. (प्र./ले.) - १
ले.पा., रा.प.अनं.प्र. (प्र./ले.) - १

**राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**परिचयपत्र**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
ना.सु., रा.प.अनं. प्र. (प्र./सा.प्र.) - १
क.अ., रा.प.अनं.प्र. (विविध) - १

**पञ्जिकरण शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**पञ्जिकरण**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
क.अ., रा.प.अनं.प्र. (विविध) - १

**सामाजिक सुरक्षा शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**सामाजिक सुरक्षा**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
क.अ., रा.प.अनं.प्र. (विविध) - १

**सूचना प्रविधि शाखा**
सू.प्र.नि., रा.प.द्वि. (विविध) - १

**प्रणाली विकास, प्रशोधन तथा छपाई**
क. इन्जि., रा.प.तृ. (विविध) - २
क. अधिकृत, रा.प.तृ.(विविध) - १
क.अ., रा.प.अनं.प्र. (विविध) - १
क.टे., रा.प.अनं.प्र. (विविध) (*करार*) -८

**विद्युतिय सेवा समन्वय**
क. इन्जि, रा.प.तृ. (विविध) - १
त.अ., रा.प.तृ.(आ.यो.त.त.) - १
त. सहायक, रा.प.अनं.प्र. (आ.यो.त.त.) - १
क.टे. ,रा.प.अनं.प्र. (विविध) (*करार*)-४

**विभागको स्वीकृत स्थायी दरबन्दी तथा पदपूर्तीको विवरणः**

| क्र.सं. | पद | श्रेणीतह/ | सेवा | समूह | स्वीकृत दरबन्दी | कार्यरत | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्र. | प्रशासन | सा.प्र. | १ | १ | ० | |
| २ | निर्देशक | रा.प.द्वि. | प्रशासन | सा.प्र. | ४ | ४ | ० | |
| ३ | सूचना प्रविधि निर्देशक | रा.प.द्वि. | विविध | | १ | १ | ० | |
| ४ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ७ | ७ | ० | |
| ५ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ | ० | |
| ६ | तथ्यांक अधिकृत | रा.प.तृ. | आ.यो.तथा त. | तथ्यांक | १ | ० | १ | |
| ७ | कम्प्युटर अधिकृत | रा.प.तृ. | विविध | | २ | १ | १ | |
| ८ | कम्प्युटर इन्जिनियर | रा.प.तृ. | विविध | | ३ | २ | १ | |
| ९ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ६ | ६ | ० | |
| १० | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | १ | १ | ० | |
| ११ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ५ | ५ | ० | |
| १२ | तथ्यांक सहायक | रा.प.अनं.प्रथम | आ.यो.तथा त. | तथ्यांक | १ | १ | ० | |
| **जम्मा** | | | | | **३३** | **३०** | **३** | |

**स्वीकृत अस्थायी दरबन्दीमा स्थायी कर्मचारी मार्फत कामकाज विवरण**

| क्र.सं. | पद | संख्या | कार्यरत | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | ३ | ३ | ० | |
| २ | नायब सुब्बा | १२ | ४ | ८ | |
| **जम्मा** | | १५ | ७ | ८ | |

## सेवा करारमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | पद | कार्यरत संख्या | कैफियत |
|---|---|---|---|
| १ | कम्प्युटर इन्जिनियर | ५ | |
| २ | कम्प्युटर टेक्निसियन | १२ | |
| ३ | विवरण दर्ता अपरेटर | ८७९ | विभाग तथा ७७ जिल्लामा स्थायी तथा घुम्ती विवरण दर्ता इकाईमा करार तथा ज्यालादारीमा कार्यरत विवरण दर्ता अपरेटर |
| ४ | हलुका सवारी चालक | ५ | |
| ५ | कार्यालय सहयोगी | ८ | |
| | **जम्मा** | ९०९ | |

## विभागमा संचालित SSSPCR आयोजनाको आयोजना व्यवस्थापन इकाईमा कार्यरत व्यक्तिगत परामर्शदाता

| क्र.सं. | पद | कार्यरत संख्या | कैफियत |
|---|---|---|---|
| १ | Senior Procurement Specialist | १ | |
| २ | Program Officer | १ | |
| ३ | Senior Account Assistant | १ | |
| ४ | Communication Specialist | १ | |
| ५ | Communication Officer | १ | |
| ६ | MIS Team Leader | १ | |
| ७ | System Analyst | १ | |
| ८ | Senior Database Analyst | १ | |
| ९ | Senior Software Developer | १ | |

| | | | |
|---|---|---|---|
| १० | MIS Developer/Programmer | ३ | |
| ११ | MIS Support/Training Staff | ४ | |
| १२ | Project Admin Assistant | २ | |
| १३ | MIS Operator | १००० | SSSPCR आयोजनाका लागि विभाग र ७५३ वटै स्थानीय तहको सेवा इकाई अन्तर्गत करारमा कार्यरत |
| १४ | Field Assistant | १००० | |
| १५ | Driver | २ | |
| १६ | Office Assistant | २ | |
| | **जम्मा** | २०२२ जना | |

<u>**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट प्रदान गरिने सेवा**</u>

१) प्रत्येक नेपाली नागरिकहरुलाई बैयक्तिक र जैबिक बिबरण सहितको स्मार्टकार्ड प्रबिधिमा आधारित परिचयपत्र उपलव्ध गराउने र सो को ब्यबस्थापन गर्ने,

२) व्यक्तिगत घटना दर्ताको ब्यबस्थापन गर्ने,

३) सामाजिक सुरक्षा भत्ताको कार्यक्रम ब्यबस्थापन गर्ने।

<u>**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको शाखा र जिम्मेवार अधिकारी**</u>

- पञ्जीकरण शाखाः निर्देशक, श्री विनीता भट्टराई
- प्रशासन, योजना तथा अनुगमन शाखाः निर्देशक, श्री युवराज कटेल
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाः निर्देशक, श्री विष्णुहरि उपाध्याय
- सूचना प्रविधि शाखाः सूचना प्रबिधि निर्देशक, श्री सुभाष ढकाल
- सामाजिक सुरक्षा शाखाः निर्देशक, श्री अनुज भण्डारी

**<u>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:</u>** ऐन र नियमावली बमोजिम

**<u>निर्णय गर्ने प्रक्रिया र अधिकारी:</u>** सम्बन्धित शाखाबाट पेश भएको टिप्पणीको आधारमा महानिर्देशकबाट निर्णय हुने।

**<u>निर्णय उपर उजुरी सुन्ने अधिकारी:</u>** महानिर्देशक

**<u>प्रथम त्रैमासिक (२०७८ श्रावणदेखि आश्विनसम्म) सम्पादन गरेको कार्य विवरण:</u>**

१. <u>राष्ट्रिय परिचयपत्र तर्फ</u>

- विभिन्न जिल्लाका ईलाका कार्यालयहरुमा राष्ट्रिय परिचयपत्रको विवरण दर्ता इकाई स्टेशन थप १५ वटा स्थापना भएको,
- राष्ट्रिय परिचय सूचना व्यवस्थापन प्रणालीको Service Integration को लागि दूरसञ्चार सेवासँग छलफल गरी अवधारणा पत्र तयार भएको,
- राष्ट्रिय परिचयपत्र स्मार्ट कार्डको ग्राफिकल डिजाइन स्वीकृत भएको,
- Mono Finger Print Scanner खरिद सम्बन्धी बोलपत्र मूल्याकंनको क्रममा रहेको, NID Spare Parts खरिद सम्बन्धी बोलपत्रको Pre-Bid Meeting सम्पन्न भएको,
- Pre-Enrollment System को Up-gradation को लागि शिलबन्दी बोलपत्रको Technical Proposal को मूल्याकंन भैरहेको,

**<u>कार्य सम्पन्न सम्बन्धी</u>**

- राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन;
  - पहिलो त्रैमासिक सम्म : ४१९२९७७ जना (अभियान मार्फत ३७१२०६६ र इकाई मार्फत ४८०९११)
- आश्विन महिनामा: ३७०२८० (अभियान मार्फत ३०५५७५ र स्थायी स्टेशन मार्फत १६८७७)
- **<u>पहिलो त्रैमासिक सम्म अभियान सम्पन्न जिल्ला: २० वटा</u>**
  - जिल्ला: ताप्लेजुङ्ग, झापा, पाँचथर, तेह्रथुम, संखुवासभा, खोटाङ्ग, ओखलढुङ्गा, उदयपुर, चितवन, सिन्धुली, काभ्रेपलाञ्चोक, गुल्मी, डडेलधुरा, अछाम, कञ्चनपुर, डोटी, मनाङ्ग, नवलपरासी (बर्दघाट सुस्ता पुर्व), सल्यान र पाल्पा
  - स्थानीय तह: २२६ वटा
  - वडा: २०७२ वटा
- **<u>अभियान सञ्चालनमा रहेका जिल्ला:</u>** ईलाम, भोजपुर, मोरङ्ग, सर्लाही, सप्तरी, मकवानपुर, भक्तपुर, कास्की, मुस्ताङ्ग, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, सुर्खेत र कैलाली (१३ वटा) जिल्लामा अभियान संचालन भइरहेको।

## २. पञ्जीकरण तर्फ

- व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा दर्ता तथा नविकरण र राष्ट्रिय परिचयपत्रको विवरण दर्ता सम्बन्धी टेलिभिजन र रेडियो मार्फत सूचना प्रशारण
- सेवा इकाईमा कार्यरत MIS Operator र Field Assistant को का.स.मू. मूल्याकंन गरी करार अवधि थप
- दर्ता शिविर सम्पन्न भएका स्थानीय तह ४०० वटा
- Digitization कार्य सम्पन्न भएका स्थानीय तह ६८८ वटा
- CRVS रणनीति बमोजिम गृह सचिवको संयोजकत्वमा राष्ट्रिय समन्वय समितिको भाद्र २० गते बैठक सम्पन्न,
- United Nations Economic and Social Commission for Asia and The Pacific (UNESCO) को आयोजनामा व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्क व्यवस्थापन (CRVS) सम्बन्धी दोस्रो मन्त्रिस्तरीय सम्मेलनमा माननीय मन्त्रीज्यूबाट घोषणा हुने घोषणापत्रको मस्यौदा तयारी,
- United Nations Economic and Social Commission for Asia and The Pacific (UNESCO) को आयोजनामा व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्क व्यवस्थापन (CRVS) सम्बन्धी दोस्रो मन्त्रिस्तरीय सम्मेलनमा सहभागी हुने पदाधिकारीहरूको नामावली सिफारिस गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यलयमा प्रस्ताब पेश गर्न सिफारिस,
- व्यक्तिगत घटना दर्ता सम्बन्धी कानूनी जटिलता लगायतका विषयमा गृह मन्त्रालय, कानुन न्याय तथा संसदीय मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र कन्सुलर विभागका प्रतिनिधीहरू उपस्थित बैठक सम्पन्न,
- बारा, पर्सा जिल्लाका ९ वटा (विरगञ्ज महानगरपालिका, जितपुर सिमरा उपमहानगरपालिका, पोखरिया नगरपालिका, परवानीपुर, प्रसौनी, विन्दवासीनी, कालिकामाई, पकाहाँ-मैनापुर र ठोरी गाउँपालिका) स्थानीय तहमा व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमको अनुगमन सम्पन्न,
- विरगञ्ज महानगरपालिकाका १३० जना र परवानीपुर गाउँपालिकाका २० जना जनप्रतिनीधि र कर्मचारीहरुलाई व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न (स्थानीय तहको श्रोतमा),
- प्रदेश नं. २ र प्रदेश नं. ६ मा ६ वटा (सुर्खेत - २ वटा, दैलेख - १ वटा, सल्यान - १ वटा र रुकुम-पश्चिम - १ वटा) स्थानीय तहमा २३३ जना जनप्रतिनीधि र कर्मचारीहरुलाई व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम दातृ निकाय युनिसेफ र सेभसँगको श्रोत साझेदारीमा सम्पन्न,

- **अनलाईन मार्फत आश्विन मसान्तसम्म भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी कूल विवरण:**
  - अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्या –५५५६

- जन्म - १३१७९७०
- मृत्यु - ३४८५८६
- विवाह - ५०५७९५
- सम्बन्ध विच्छेद - १५२३९
- बसाई सराई – २७९०५३

➢ **अनलाईन मार्फत पहिलो त्रैमासिकमा सम्पन्न भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण:**

| **विवरण** | **महिना** | | |
|---|---|---|---|
| | **श्रावण** | **भाद्र** | **आश्विन** |
| वडा (अनलाइन दर्ता गर्ने वडा संख्या) | ३१७ | १२६ | ६७ |
| जन्म | ६८८६९ | ६७५१३ | ५६७९४ |
| मृत्यु | २३१९७ | १९०४३ | १३२२३ |
| विवाह | २४४२२ | २४५४७ | २४०७९ |
| सम्बन्धविच्छेद | ७३५ | ८०७ | ७४० |
| बसाईंसराई | १०४०५ | ११३९४ | १०७९० |

## ३. सामाजिक सुरक्षा तर्फ

➢ यस विभागद्धारा तयार गरिएको सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी चित्रसहितको संदेशमुलक सामग्री सबै स्थानीय तहको वेभसाईटको गृह पृष्ठमा (पप अप) राख्ने व्यवस्था गरिएको साथै सोही बिषयमा तयार पारिएको एक मिनेटको "रेडियो सन्देश" सबै स्थानीय तहमा सञ्चालन भएका रेडियो मार्फत प्रशारण गराउने ब्यबस्था गरिएको।

➢ सामाजिक सुरक्षा भत्ता वितरण गर्न व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सूचना व्यवस्थापन प्रणालीलाई नेपाल सरकारको कम्प्युटरकृत लेखा प्रणाली (CGAS) सँग आवद्ध गर्ने बारे अध्ययन गर्न गठित कार्यदलले अध्ययन सम्पन्न गरी प्रतिवेदन पेश गरेको।

➢ पटवा, विल्टाउ, विन (मुखिया), मलाह (सनही), लोहार र गोढया जात/थर का व्यक्तिहरुलाई दलित जाती अन्तर्गत प्रदान गरिने सामाजिक सुरक्षा भत्ता कार्यान्वयन नगर्नु / नगराउनु भन्ने राष्ट्रिय दलित आयोगको मिति २०७८/३/२९ गतेको निर्णय कार्यान्वयनको लागि सबै स्थानीय तहमा पत्राचार गरिएको।

➢ सामाजिक सुरक्षा भत्ता स्वेच्छिक रुपले लिन नचाहने नेपाली नागरिकलाई यस विभागले पनि सम्मान गर्ने भएको हुँदा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका तथा प्राप्त गर्न योग्य लाभग्राहीहरुले स्वेच्छिक रुपमा भत्ता

त्याग गर्न सक्ने प्रावधानबारे स्थानीय स्तरमा समेत प्रचार प्रसार गरी जनचेतना अभिबृद्धि गर्न तथा उल्लेखित व्यक्तिहरुको विवरण संकलन गरी विभागलाई पठाउन सबै स्थानीय तहमा पत्राचार भएको।

- बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी बैंकिङ्ग समस्या समाधान तथा सहजीकरण समितिको बैठक मिति २०७८/४/३१ गते सम्पन्न भएको।
- नेपाल सरकारले लागु गरेको त्रैमासिक बजेट निकासा, सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी यस विभागले सञ्चालनमा ल्याएको अनलाइन प्रणालीको पछिल्लो संशोधन तथा स्तरबृद्धि, बैंकिङ प्रणाली मार्फत समाजिक सुरक्षा भत्ता वितरणको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह स्थित बैंक शाखाहरुलाई गर्नुपर्ने निर्देशन तथा हालसम्म बैंक शाखा नभएका स्थानीय तहमा बैंक शाखा स्थापना गर्ने लगायतका बिषयमा छलफल गर्न सम्झौता भएका बैंक तथा वित्तीय संस्थाहरुसँग मिति २०७८/४/२१ गते Virtual बैठक सम्पन्न गरिएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।५।१६ गतेको बैठकको निर्णयानुसार आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्य मार्फत ३३ प्रतिशतले वृद्धि भई कायम भएको सामाजिक सुरक्षा भत्ताको मासिक भत्ता दर मिति २०७८।४।१ देखि लागु हुने गरी कार्यान्वयन गर्न स्थानीय तहमा पत्राचार गरिएको,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१६) उपनियम (१२) अनुसार चालु आ.व. २०७८।७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकोले सोही बमोजिम सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा भुक्तानी गर्ने आवश्यक व्यवस्था मिलाउन सबै स्थानीयत तहमा जानकारी गराइएको,
- सम्बन्धित स्थानीय तहले बैंकिङ प्रणाली मार्फत भत्ता वितरणको सुनिश्चित गरेको अवस्थामा मात्र सामाजिक सुरक्षा भत्ता वापतको रकम निकासा दिन भनी सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई निर्देशन गर्न महालेखा नियन्त्रक कार्यालयलाई अनुरोध गरिएको,
- सरकारी कोषबाट निवृत्तिभरण पाइरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने भन्ने व्यवस्था भए बमोजिम यस विभागले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण निवृत्तिभरण प्रणालीको विवरणसँग प्रमाणीकरण गराउँदा २४६६ जना लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता र निवृत्तिभरण दुवै प्राप्त गरिरहेको पाइएकोले विभागको प्रणालीबाट उक्त लाभग्राहीहरुको लगत कट्टा गरिएको, साथै ८४७६३ जना सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले निवृत्तिभरण समेत लिएको हुन सक्ने देखिएकोले सो सम्बन्धमा सम्बन्धित स्थानीय तहबाट थप पुष्ट्याई गर्नुपर्ने वास्तविकता यकिन गरी लगत कट्टा गर्न स्थानीय तहमा पठाइएको,
- बझाङ्ग जिल्लाको साईपाल गाउँपालिकामा हालसम्म कुनै पनि बैंक तथा वित्तीय संस्थाहरुको शाखा कार्यालय नभएकोले बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न कठिनाई भएको भनी

उक्त गाउँपालिका मार्फत जानकारी प्राप्त भएको हुँदा बैंक शाखा स्थापना गर्नका लागि आवश्यक समन्वय गर्न नेपाल राष्ट्र बैंकलाई अनुरोध गरिएको,

- बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी बैंकिङ समस्या समाधान तथा सहजीकरण समितिको मिति २०७८।०४।३१ गतेको बैठकले गरेका निर्णयहरुको कार्यान्वयनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नेपाल राष्ट्र बैंक, सबै स्थानीय तह, नेपाल बैंकर्स संघ, नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघलाई लेखी पठाइएको,
- बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी बैंकिङ समस्या समाधान तथा सहजीकरण समितिको वैठक मिति २०७८/६/१० गते सम्पन्न भएको।उक्त बैठकले गरेका निर्णयहरुको कार्यन्वयनका लागि संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल बैंकर्स संघ, नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघलाई लेखी पठाइएको।
- ६४७ स्थानीय तहवाट सामाजिक सुरक्षा भत्ता बैंकिंङ्ग प्रणाली मार्फत वितरण गर्न सम्झौता सम्पन्न भई सकेको,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको अनलाईन Entry संख्या भाद्र मसान्तसम्ममा ३४६६५५४ रहेकोमा आश्विन मसान्तसम्ममा २९८१ थप Entry भई जम्मा ३४६९५३५ जना रहेको,
- चालु आ.व २०७८/७९ को बजेट वक्तव्य मार्फत ७० वर्ष माथिका जेष्ठ नागरिक लाभग्राहीका लागि सामाजिक सुरक्षा भत्ता मासिक रु.३०००/- बाट रु.१०००/- थप गरी रु.४०००/- पुऱ्याईएको र अन्य लाभग्राहीको ३३ प्रतिशतले बृद्धि गर्ने नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय भएको हुँदा बजेट थप गर्ने गरी LMBIS संशोधन हुन र रकम निकासाको लागि गृह मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा लेखी पठाएको ।

**<u>गुनासो सम्बोधन तर्फ</u>**

- आश्विन मसान्तसम्म गुनासो व्यवस्थापन प्रणाली मार्फत प्राप्त गुनासो दर्ता भएको संख्याः ६३१ वटामध्ये विभागसँग सम्बन्धित १६२ वटा रहेका छन्। जसमध्ये १५२ वटा सम्बोधन गरिएको बाँकी १० वटा प्रक्रियामा रहेको छ।
- आश्विन महिनामा मात्र गुनासो व्यवस्थापन प्रणाली मार्फत प्राप्त गुनासा दर्ता भएको ३३ वटामध्ये २३ वटा गुनासो सम्बोधन भएको,
- आश्विन महिनामा ईमेल मार्फत प्राप्त भएका गुनासो जम्मा १२ वटामा ८ वटा गुनासो सम्बोधन भएको ।

**<u>वितीयतर्फ प्रगति</u>**

ब.उ.शि.नं. ३१४०१०११३/४ चालु आ.ब. २०७८/७९ को आश्विन महिनासम्मको खर्च स्थिति विवरण/खर्च प्रतिशत (रकम रु. हजारमा)

| विवरण | | कुल बजेट | | | जम्मा खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | GoN | IDA | Total | GoN | IDA | Total | GoN | IDA | Total |
| पुँजिगत | विभाग नियमित | १४५०० | | १४५०० | २७६.८५ | | २७६.८५ | १.९१ | | १.९१ |
| | राष्ट्रिय परिचयपत्र कार्यक्रम | ३५३००० | | ३५३००० | ४१७०७.८३ | | ४१७०७.८३ | ११.८२ | | ११.८२ |
| | विश्व बैंकतर्फ | | २२२२०० | २२२२०० | | ३२५५.७५ | ३२५५.७५ | | १.४७ | १.४७ |
| | जम्मा | **३६७५००** | **२२२२००** | **५८९७००** | **४१९८४.६८** | **३२५५.७५** | ४५२४०.४३ | ११.४२ | १.४७ | ७.६७ |
| चालु | विभाग नियमित | ६५६०८ | | ६५६०८ | ११४९४.७९ | | ११४९४.७९ | १७.५२ | | १७.५२ |
| | राष्ट्रिय परिचयपत्र कार्यक्रम | ११२०४२४ | | ११२०४२४ | १२४४६५.०८ | | १२४४६५.०८ | ११.११ | | ११.११ |
| | विश्व बैंकतर्फ | | ७५७३०० | ७५७३०० | | ७५३२.३० | ७५३२.३० | | ०.९९ | ०.९९ |
| | **जम्मा** | **११८६०३२** | **७५७३००** | **१९४३३३२** | **१३५९५९.८८** | **७५३२.३०** | **१४३४९२.१८** | **११.४६** | **०.९९** | **७.३८** |
| **कुल जम्मा** | | **१५५३५३२** | **९७९५००** | **२५३३०३२** | **१७७९४४.५५** | **१०७८८.०५** | **१८८७३२.६०** | **११.४५** | **१.१०** | **७.४५** |

## सूचना अधिकारी र प्रमुखको नाम र पदः-

प्रमुखः महानिर्देशक, श्री तिर्थराज भट्टराई

सूचना अधिकारीः निर्देशक, श्री युवराज कटेल

## ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४
- नेपाल सरकार कार्यविभाजन नियमावली (गृह मन्त्रालयको कार्यक्षेत्रमा परेको)
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७
- सामाजिक सुरक्षा ऐन, २०७५ तथा नियमावली, २०७६
- सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धी कार्यविधि, २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी आर्थिक निर्देशिका, २०७७
- राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन रणनीतिक योजना, २०७५/७६ - २०७७/७८
- सामाजिक सुरक्षा ऐन, २०७५ को पहिलो संशोधन अध्यादेश, २०७७ स्वीकृत भई कार्यान्वयनमा रहेको,
- विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति ,२०७४ को पहिलो संसोधन, २०७६

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोश्रो संशोधन, २०७६)
- व्यक्तिगत घटना दर्ता तथा तथ्यांक व्यवस्थापन रणनीति, २०७६ (Strategy of Civil Registration and Vital Statics, 2019)
- नेपाल सरकारका निर्णय तथा परिपत्रहरु,

**राष्ट्रिय परिचयपत्रको वेभसाईट भए सोको विवरण:** https://donidcr.gov.np

**सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण:** विश्व बैंकको सहयोगमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना संचालन भईरहेको।

**सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः** औपचारिक रूपमा सूचना माग नभएपनि विभागसँग सम्बन्धित सूचनाहरू सम्प्रेशण भैरहेको।

**समाप्त**